मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल
०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :-
चलानी नं. :-

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशन मितिः२०८३।०३।०९

मन्थली नगरपालिका र अन्तर्गतका स्वास्थ्य तथा अन्य सशर्त कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयन गर्नका लागि यस नगरपालिकाको **सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि,** २०७६ तथा सेवासँग सम्बन्धित ऐन, नियम र कार्यविधि बमोजिम **देहायका पदका** लागि खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा जनशक्ति व्यवस्थापन गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले देहाय बमोजिमका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन (दरखास्त दिने अन्तिम दिन २०८३/०३/२३ गते) भित्र कार्यालय समयमा लोक सेवा आयोगबाट निर्धारित दरखास्त फारम भरी यस नगरपालिकाको कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**१. विज्ञापन नं, पद तथा आवश्यक न्यूनतम योग्यताः**

| सि.नं. | विज्ञापन नं. | पद, तह | सेवा | संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | काम गर्नु पर्ने स्थान |
|---|---|---|---|---|---|---|
| १ | ९-२०८२।८३ | /MDGP चिकित्सक, अधिकृत नवौं | सेवा करार | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट MDGP उतिर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता/नविकरण गरेको। | मन्थली अस्पताल CEONC |
| २ | ४-२०८२।०८३ (दोस्रो पटक) | जनस्वास्थ्य अधिकृत, अधिकृत सातौं | सेवा करार | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य (BPH) विषय उत्तिर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता/नविकरण भएको। | स्वास्थ्य शाखा |
| ३ | १०-२०८२।८३ | सूचना प्रविधि अधिकृत, अधिकृत सातौं | सेवा करार | १ (एक) | लोक सेवा आयोगले कम्प्युटर अधिकृत पदको लागि तोकेको न्यूनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर वा Information Technologies वा सो सरहको विषय BIT, BIM, BBIS, BCA, BCIS,BEIT, BSCIT, BXCCSIT मध्ये कुनै एक विषयमा स्नातक गरेको। साथै काउन्सिलमा दर्ता हुनु पर्नेको हकमा दर्ता/नविकरण भएको। | मन्थली न.पा. कार्यालय |
| ४ | ११-२०८२।०८३ | मेडिकल अधिकृत, अधिकृत आठौं तह | सेवा करार | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS वा सो भन्दा माथिल्लो तह पास गरेको। | मन्थली अस्पताल |
| ५ | १२-२०८२।०८३ | मनोसामाजिक परामर्शकर्ता, सहायकस्तर पाँचौ | सेवा करार | १ (एक) | मान्यताप्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान, पब्लिक हेल्थ, स्वास्थ्य शिक्षा, समाजशास्त्र विषयमा स्नातक तह वा पोष्ट ग्राजुएट डिप्लोमा ईन काउन्सेलिङ्ग, उत्तिर्ण गरेको र मनोसामाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रलयले स्वीकृत गरेको तालिम पाठ्यक्रमले तोकेको योग्यता भएकव हुनु पर्नेछ। | सामी, मन्थली अस्पताल |

: ito.manthalimun@gmail.com
: www.manthalimun.gov.np

मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल
०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :-
चलानी नं. :-

| सि.नं. | विज्ञापन नं. | पद, तह | सेवा | संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | काम गर्नु पर्ने स्थान |
|---|---|---|---|---|---|---|
| ६ | १३-२०८२।०८३ | उद्यम विकास सहजकर्ता, सहायकस्तर चौथो | सेवा करार | १ (एक) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट १२ कक्षा उत्तिर्ण गरी उद्यम विकास संग सम्बन्धित लेभल २ उत्तिर्ण गरेको । | उद्यम विकास शाखा |
| ७ | १४-२०८२।०८३ | अ.हे.ब. सहायकस्तर चौथो | सेवा करार | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट CMA/AHW उत्तिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता/नविकरण भएको । | मनपा अन्तर्गतका स्वास्थ्य संस्था |

२. **संलग्न गर्नु पर्ने कागजातहरु :**
क) दरखास्त फारम (ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि (ग) शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु (घ) सम्बन्धित काउन्सिलमा दर्ता/नविकरण भएको प्रमाणपत्र (दर्ता हुनु पर्नेको हकमा मात्र) को प्रतिलिपि (ङ) तालिम तथा कार्यानुभवको कागजातको प्रतिलिपि (च) प्रचलित कानुनले अयोग्य नठहरिएको। (छ) राजश्व वुझाएको रसिद।

३. **उमेर हदः माथिको तालिकाको सि.नं. १ , २ र ४ को पदको लागि** लागि नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम २१ वर्ष पुरा भई ४५ बर्ष ननाघेको, सि.नं ३ को लागि २१ वर्ष पुरा भई ३५ बर्ष ननाघेको र सि.नं ५, ६ र ७ को पदमा पुरुषको हकमा १८ बर्ष पुरा गरी ३५ बर्ष एवं महिलाको हकमा १८ बर्ष पुरा गरी ४० बर्ष ननाघेको।

४. **दरखास्त फारम :** यस नगरपालिकाको वेभसाईट www.manthalimun.gov.np वाट डाउनलोड गरी वा कार्यालयको राजस्व शाखावाट तोकिएको दस्तुर तिरी प्राप्त गर्न सकिने छ।

५. **दरखास्त दस्तुर तथा फारम दर्ता : सि.नं १ र ४ को पदका लागि** रु १५००/ (एक हजार पाँच सय मात्र) , **सि.नं २ र ३ का** लागि रु. १०००/ (एक हजार मात्र), सि.नं ५ र ६ को पदका लागि रु. ७००/ (सात सय) तथा सि.नं ७ को पदका लागि रु. ५००/ (पाँच सय) यस कार्यालयको राजश्व उपशाखामा नगदै वुझाई सक्कलै रसिद पेश गर्नु पर्ने।

६. **छनौटको किसिम :** छोटो सूची प्रकाशन र लिखित/प्रयोगात्मक एवं अन्तर्वार्ता परीक्षा।

७. **परीक्षा मिति :** छोटो सूची (Short list) को सूचना प्रकाशन हुँदा तय गरिने छ।

८. **सेवा तथा सुविधा :** सम्वन्धित पदका लागि चालु आ.ब.मा नेपाल सरकारले निर्धारण गरेको आधारभूत तलबमान र अन्य सुविधाको हकमा आपसि समझदारीमा निर्धारण हुनेछ।

९. **करार अवधि :** आगामी आर्थिक बर्षको सम्बन्धित शसर्त कार्यक्रम कार्यान्वयनका लागि जनशक्ति माग गर्नु पर्ने भएकोले करार सम्झौता भएको ३ महिनासम्म। (सेवाको आवश्यकताका आधारमा करार नियमानुसार समयावधि थप हुने।)
नोट: थप जानकारीका लागि मन्थली नगरपालिकाको कार्यालयको मन्थली नगरपालिकाको website/ Facebook page वा कार्यालयको सोधपुछ कक्ष/फोन नं ०४८-५४०५३२ मा हेर्न/सम्पर्क गर्न सकिने छ।

**छनौट तथा सूचीकरण समिति**